# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं चैत्र २ गते २०१० साल [ संख्या ३०

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायका क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ (क) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

(घ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

(ङ) कायममुकायम तैनाथी इत्यादि ।

(च) कानूनमन्त्रालय, न्यायालयको विज्ञप्ति इत्यादि ।

(छ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि ।

(ज) साधारण सूचना, उर्दी इत्यादि ।

(झ) जन्म मरणको संख्या ।

(ञ) इल्लाको खण्डन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

220

(ट) अफिसरहरूको बिदा ।

(ठ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छामण्डल आदिको कार्यक्रम

(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।

(ढ) इलेक्शनकमिशनको सूचना ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

(ख) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित, प्रच लित मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्य र खाद्यसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

(ख) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।

(ख) याम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।

(ख) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी विज्ञप्ति सूचना इत्यादि ।

(ख) नगरपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ मालपोत तथा वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ प्रधान मन्त्रालय, राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ पब्लिकवर्क्स तथा सञ्चारसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग १३ विकाश तथा योजनासंबन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

## भाग २

# अर्थमन्त्रालयको सूचना

१० ग्र. प्र. वि. ।४६।५४७०　　　　　　　　　　　　२४।११।०१०

नेपाली सिक्का भारतमा लैजान मनाही भएकोले नेपाली यात्रु व्यापारीहरू भारततर्फ जाँदा सरहदमा आफ्नो बाटो खर्चलाई नेपाली सिक्का लैजाने र बाटोमा खर्च गरी केही बचौट रहने भएको र नेपाली सिक्का भारतमा लैजान मनाही भएकोले साह्है मर्कापर्ने र हाम्रो मुलुक भारत सिमानासँग जोरिएकोले यात्रुहरूसँग नेपाली सिक्का रहने नै हुँदा व्यापारीहरूको सुविधाको निमित्त रू २०। सम्मको नेपाली सिक्कामा प्रतिबन्धन लगाइयोस भनी भारत सरकारसँग लेखापढी गरेकोमा हाल भारत सरकारले प्रत्येक यात्रुले एक पटकमा मोरू २०। सम्म साथमा लैजान पाउने गर्ने मन्जूर गरी नोटीस जारी गर्न लागेको छ भन्ने जवाफ आएकोले सर्वसाधारणमा विदित होस् भनी यो सूचना प्रकाश गरिएको छ ।

आज्ञाले —
हिमालयशमशेर जङ्गबहादुर राणा
सेक्रेटरी, — अर्थमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

222